# रोजगार व्यवस्थापन सूचना प्रणालीमा बेरोजगार व्यक्तिहरुको विवरण प्रविष्टि गर्ने बारे जरुरी सूचना ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका रोजगारी सम्बन्धी सम्पूर्ण तथ्यांकलाई एकिकृत गर्ने उद्देश्यले प्रत्येक स्थानीय तहले तथ्यांक प्रविष्टि गर्न सक्ने गरी रोजगार व्यवस्थापन सूचना प्रणालीको निर्माण गरिएको व्यहोरा विदितै छ । आ.व. २०७६/७७ मा रोजगारी प्रदान गर्नका लागि बेरोजगार व्यक्तिहरुको आवेदन संकलन गरी स्थानीय तहबाट बेरोजगार व्यक्तिको अन्तिम सूची समेत निर्धारण भई सकेको सन्दर्भमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा सम्बन्धित स्थानीय तहले निर्धारण गरेको बेरोजगार व्यक्तिहरुको अन्तिम सूची बमोजिमको विवरण प्रविष्टि गर्न सम्पूर्ण रोजगार संयोजकहरुलाई सूचित गरिन्छ । प्रणालीको प्रयोगको सम्बन्धमा कुनै प्राविधिक कठिनाई वा समस्या भएमा यस कार्यक्रमको फोन नं. ०१-४२११६५४ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा ईमेल ठेगाना info.pmep.np@gmail.com वा info@pmep.gov.np मा ईमेल गर्नुहुन समेत यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

*पुनश्च : ईन्टरनेट सुविधा नभएका स्थानीय तहहरुको हकमा Offline बाट समेत तथ्यांक प्रविष्ट गर्न सक्ने गरी केही दिन भित्रमै Server Device उपलब्ध गराइनेछ ।*